सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(४) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को निमय ३ बमोजिम सार्वजनिक गरिएको

# जिल्ला प्रशासन कार्यालय प्यूठान

आ.व. २०७८/७९ को

स्वतः प्रकाशन गर्नुपर्ने चौथों त्रैमासिक सूचना विवरण

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्यूठान

जिल्ला प्रशासन कार्यालय

खलंगा, प्यूठान

२०७९

...कीय अधिकृत

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(४) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को निमय ३ बमोजिम सार्वजनिक गरिएको

# जिल्ला प्रशासन कार्यालय प्यूठान

## आ.व. २०७८/७९ को

## स्वतः प्रकाशन गर्नुपर्ने चौथों त्रैमासिक सूचना विवरण

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्यूठान

जिल्ला प्रशासन कार्यालय

खलंगा, प्यूठान

२०७९

...कीय अधिकृत

जिल्ला प्रशासन कार्यालय प्यूठानबाट २०७९ साल बैशाख १ गते देखि २०७९ अषाढ मसान्त सम्म भए गरिएका कामको विवरण सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(४) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को निमय ३ बमोजिम सार्वजनिक गरिएको छ।

१. कार्यालयको नामः- जिल्ला प्रशासन कार्यालय, प्यूठान ।

२. कार्यालयको काम कर्तव्य र अधिकारः-

- जिल्लामा शान्ति व्यवस्था र सुरक्षा कायम राख्ने ।
- आन्तरिक सुरक्षासम्बन्धी नीति, योजना तथा स्थानीय स्तरमा कार्यक्रमको कार्यान्वयन गर्ने ।
- हातहतियार तथा खरखजानाको इजाजत सम्बन्धी सिफारिस र नियन्त्रण; विस्फोटक पदार्थ सिफारिस र नियमन गर्ने ।
- विदेशी नागरिकको जिल्लामा उपस्थिति र गतिविधिको नियमन गर्ने ।
- सवारी साधन सञ्चालन सम्बन्धी कानूनको कार्यान्वयन गर्ने ।
- गैरसरकारी सघसंस्था दर्ता, नवीकरण र नियमन गर्ने ।
- स्थानीय प्रशासनको सञ्चालन गर्ने ।
- नागरिकता वितरण गर्ने ।
- बाल कल्याण तथा बाल अधिकारको संरक्षण गर्ने ।
- भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने ।
- कार्यालय निरीक्षण तथा अनुगमन गर्ने ।
- कल्याण धन र बेवारिसी धनको व्यवस्थापन गर्ने ।
- चिठ्ठा, जुवा आदिको नियन्त्रण गर्ने ।
- सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण गर्ने
- विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- मुआब्जा निर्धारण तथा वितरण गर्ने ।
- पुरस्कार तथा सजाय सम्बन्धी कारवाही र सिफारिस गर्ने ।
- जिल्ला भित्र रहेको नेपाल सरकारको सबै सम्पत्तीको रेखदेख, सम्भार, संरक्षण र मर्मत गर्ने गराउने ।
- राहदानी वितरण गर्ने ।
- लागू औषध रोकथाम, नियन्त्रण र नियमन गर्ने ।
- जिल्ला स्थित कारागार कार्यालयको निरीक्षण तथा व्यवस्थापन गर्ने ।
- जिल्ला भित्र बजार क्षेत्रको अनुगमन, नियमन तथा नियन्त्रण गर्ने ।
- द्वन्द्व प्रभावित व्यक्तिको पहिचान तथा राहत वितरण गर्ने ।
- नाता प्रमाणित गर्ने ।
- निर्वाचन सम्बन्धी निर्वाचन आयोग र गृह मन्त्रालयको आदेश तथा निर्देशन कार्यान्वयन गर्ने गराउने ।
- जिल्ला स्तरमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको परिचालन र प्रयोग गर्ने ।
- राष्ट्रिय अनुसन्धानसँगको समन्वय सूचना सङ्कलन र विश्लेषण गर्ने ।
- जिल्लामा सञ्चालित विकास निर्माण कार्यामा सहयोग र समन्वय गर्ने ।
- कानून बमोजिम तोकिए अनुसारको मुद्दाको सुरु कारवाही र किनारा गर्ने ।
- सरकारी वा सार्वजनिक जग्गाको संरक्षण गर्ने ।
- जिल्ला भित्रको सार्वजनिक पार्टी, पौवा, धारा, कुवा, सत्तल, मन्दिर, धर्मशाला आदिको लगत राख्ने र संरक्षण गर्ने ।
- भारतीय सेवामा कार्य गरी निवृत भएका व्यक्ति तथा तिनीहरुको परिवारको नाम, थर र उमेर फरक परेको विषयमा सिफारीश लगाएत अन्य सिफारिस सम्बन्धी कार्य गर्ने ।
- नावालक परिचयपत्र वितरण गर्ने ।

३. कार्यालय अन्तरगत रहने शाखा/उपशाखा

- स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा
- नागरिकता तथा प्रतिलिपि शाखा
- आर्थिक प्रशासन शाखा
- राहादानी तथा जिन्सी दर्ता शाखा
- गुनासो सुनुवाई तथा अभिलेख व्यवस्थापन शाखा
- मुद्दा तथा हातहतियार शाखा

४. कार्यालय अन्तरगत शाखामा रहने जिम्मेवारी कर्मचारीहरु

- आर्थिक प्रशासन शाखा
  - लेखापाल माया के.सी. (काज)
- नागरिकता तथा प्रतिलिपि शाखा
  - ना.सु. तेज बहादुर विश्वकर्मा
- राहदानी शाखा
  - क.अ. शगुन श्रेष्ठ
- मुद्दा तथा हातहतियार शाखा
  - ना.सु  पिताम्बर भण्डारी
- स्थानीय प्रशासन तथा शा.सु. शाखा
  - ना.सु. लक्ष्मण रावत
- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विवरण दर्ता स्टेशन
  - क.अ. सगुन शाक्य
  - फारम भर्ने/सहयोगी सन्दिप थापा

५. सेवा प्राप्त गर्न लाग्ने कागजात, दस्तुर तथा समयाअवधि

- नागरिक वडापत्रमा उल्लेख भए बमोजिम

६. निर्णय प्रक्रिया र अधिकारी

- प्रमुख जिल्ला अधिकारी बाट प्रत्यायोजन भएका विषयहरुका प्रशासकिय अधिकृतहरुबाट र अन्य निर्णयहरु प्रमुख जिल्ला अधिकारी बाट हुने ।

७. गुनासो तथा निर्णय उपर उजुरी सुन्ने अधिकारी

- प्रमुख जिल्ला अधिकारी

८. प्रमुख जिल्ला अधिकारीः- सुनिता नेपाल (सम्पर्क नम्बरः ९८५७८१७७७७, ०८६४२००३३)

प्रशासकिय अधिकृत एवम् सूचना अधिकारीः- मेघराज सोनी (सम्पर्क नम्बरः ९८५७८३७१३३, ०८६४२०१३३)

प्रशासकीय अधिकृतः रामप्रसाद घिमिरे (सम्पर्क नम्बरः ९८५७८७५२२२)

९. कार्यालयको

- Website: https://daopyuthan.moha.gov.np/
- Facebook page: जिल्ला प्रशासन कार्यालय प्यूठान
- Email Address: daopyuthan2074@gmail.com
  avilekhpyuthan@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्यूठान

## १०. कार्यालयको दरबन्दी संरचना

- कुल दरवन्दी -२२
- जम्मा पदपूर्ती भएको - १६
  - स्थायी - १०
  - करार - ६ (का.स. र ह.स.चा.)
- रिक्त दरबन्दी - ६ (करार सेवामा कार्यरत बाहेक)
- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण शाखा कार्यक्रम अन्तरगत कार्यरत कर्मचारीहरु- २ (करार)

## ११. २०७९ बैशाख १ गते देखि २०७९ अषाढ मसान्त सम्म कार्यालयबाट प्रदान गरिएका सेवाहरु

| सि.नं. | सेवाको किसिम | - | महिना | | | जम्मा | चौथो त्रैमासिकको कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | बैशाखं | जेष्ठ | अषाढ | | |
| क. | नयाँ नेपाली नागरिकता विवरण | | २५१ | ४८० | ८०५ | १५३६ | १५३६ |
| | नागरिकता प्रतिलिपि | | १६४ | २६० | ३२३ | ७४७ | ७४७ |
| | बैवाहिक अंगिकृत नागरिकता वितरण | | १ | ० | ० | १ | १ |
| ख. | राहदानी | | | | | | |
| | तयारी राहदानी वितरण | | ७३ | ९३ | ३३५ | ५०१ | ५०१ |
| | कार्यालयबाट सिफारिस | | ४१ | २५७ | २४६ | ५०१ | ५०१ |
| | द्रुत सेवा सिफारिस | | १०२ | २७४ | ० | ५४४ | ५४४ |
| ग. | राष्ट्रिय परिचयपत्र दर्ता | | ३८८ | १०५५ | ११४४ | ३७६ | ३७६ |
| घ. | विविध सिफारिस | | | | | २५८७ | २५८७ |
| | भारतीय पेन्सनरको लागि | | ३७ | १६ | १७ | ७० | ७० |
| | आदिवासी सिफारिस | | १२ | १६ | ५३ | ८१ | ८१ |
| | दलित सिफारिस | | ७९ | ३७ | २१ | १३७ | १३७ |
| | नामथर प्रमाणित | | ३६ | ४७ | २६ | १०९ | १०९ |
| | अन्य सिफारिस/चालचलन प्रमाणित | | १९ | १८ | ३४ | ७१ | ७१ |
| ङ. | नाबालक परिचय पत्र वितरण | | ८ | ४ | ८ | २० | २० |
| च. | सहायता कक्षबाट सेवा | | ३५६ | ६०५ | ५७१ | १५३२ | १५३२ |

| छ. | मुद्दाको किसिम | जिम्मेवारी | बैशाख | | जेष्ठ | | अषाढ | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दर्ता | फछ्यौंट | दर्ता | फछ्यौंट | दर्ता | फछ्यौंट | दर्ता | फछ्यौंट |
| | १. क्षतीपूर्ती | | ३ | - | - | ३ | - | १ | ३ | ४ |
| | २. सार्वजनिक नैतिकता विरुद्ध | | - | - | - | १ | - | ३ | - | ४ |
| | ३. ठाठो उजुरी | | - | - | १ | १ | - | - | १ | १ |
| | ४. कालो बजारी | | - | - | - | १ | - | - | - | १ |
| | जम्मा | | ३ | ० | १ | ६ | - | ४ | ४ | १० |

| ज. | राजश्व संकलन | बैशाख | जेष्ठ | अषाढ | |
|---|---|---|---|---|---|
| | राहदानीबाट | ४,८०,००० । | २०,५०,००० । | १२,३०,००० । | |
| | अन्य | २८,२५० । | १६,२५० । | - | ३७,६०,००० |
| झ. | विपद पीडीतलाई राहत वितरण कार्यालयबाट | १,१५,०००। | ५०,००० । | १,५०,००० । | ४४,५००<br>३,१५,००० |
| | विपद पीडीतलाई राहत वितरण प्रदेश सरकारबाट | - | - | - | - |
| ञ. | संघसंस्था नविकरण. दर्ता | ०/२ | ०/१ | ०/० | ०/३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ट. | हा.ह.ख.ख. नामासारी/नविकरण | ०/० | ०/६ | ०/५४ | ०/०६ |
| ठ. | विष्फोटक इजाजत पत्र/नविकरण | ०/० | ०/० | ०/० | ०/० |
| ड. | कार्यालय अनुगमन | एक पटक गरिएको १७ वटा कार्यालयमा | | | |
| ढ. | बजार अनुगमन | बैशाख र असाढ महिनामा दुई पटक प्यूठान जिल्लाका बरौला, ठुलावेशी, बहाने, भिंगृ, मच्छि, खलंगा, बिजुवार र जुम्री बजार क्षेत्रको संयुक्त बजार अनुगमन तथा निरीक्षण गरिएको । | | | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय प्यूठान

## १२. यस कार्यालयबाट गरिएका अन्य कार्यहरु —

### क) कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्यहरु

- चौथों त्रैमासिक अवधिमा कोभिड-१९ संक्रमीतको संख्या शुन्य रहेको र स्वास्थ्यको पूर्वाधारहरुमा अस्पताल १ वटा, वेड संख्या ५, अक्सिजिन सिलिण्डर २०१, HDU Bed ५ वटा रहेको छ भने ICU र भेन्टिलेटर नरहेको अवस्था छ ।
- जिल्ला अस्पतालमा अक्सिजनको सहज आपुर्ति व्यवस्थाको लागि मध्यमस्तरको अक्सिजन प्लान्ट निर्माण गरि सञ्चालन गरिएको ।
- नेपाल सरकारको नीति अनुसार चौथों त्रैमासिक अवधिमा कोभिड-१९ विरुद्ध जम्मा १,७०,२८१(९१%) जनालाई खोपको पहिलो मात्रा र जम्मा १,५९,३३४ (८५%) जनालाई खोपको दोस्रो मात्रा लगाइएको छ । बुष्टर डोज जम्मा १,०२,३३३(६४%) जनालाई दिइएको छ ।

### ख) शान्ति सुरक्षा र अमनचैन सम्बन्धी कार्य

- मिति २०७९ बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि स्थानीय तह निर्वाचन जिल्ला सुरक्षा योजना, २०७८ को तयार गरिएको ।
- शान्तिपूर्ण ढंगले स्थानीय तहको निर्वाचन सम्पन्न गर्न जिल्ला सुरक्षा समितिबाट मतदान स्थलको अनुगमन तथा निरीक्षण गरिएको।
- जिल्लामा शान्ति सुरक्षा कायम गर्न सुरक्षाका सबै निकायहरुले सूचना संकलन, विश्लेषण गरी गस्ती, पट्रोलिङ, LRP तथा Joint Operation लगायतका सुरक्षा कारवाही गरी सुरक्षा व्यवस्थालाई चुस्तदुरुस्त बनाईएको छ
- सुरक्षाकर्मीहरुको परिचालन गरी त्यस्ता किसिमका गैरकानूनी क्रियाकलामहरु निस्तेज पारी कानून बमोजिम कारबाही गरिएको र सुरक्षा व्यवस्थालाई चुस्तदुरुस्त र प्रभावकारी बनाईएको छ ।
- गर्मि मौसमको शुरुवातसँगै हुन सक्ने आगलागि, हावाहुरी, चटयाङ जस्ता विपद्जन्य घटनाबाट क्षती हुन नदिनका लागि सुरक्षा निकायहरुले सम्बन्धित स्थानीय तहहरु र अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरी समयमै सहजिकरण गर्ने गरिएको।
- स्थानीय तह निर्वाचन, २०७९ को लागि म्यादी प्रहरी तथा सुरक्षा निकायलाई खटाईएको ।
- स्थानीय तह निर्वाचन, २०७९ को लागि निर्वाचन सेल कमाण्ड पोष्टको गठन गरी काम गरेको ।
- स्थानीय तह निर्वाचनका सन्दर्भमा आवश्यक पर्ने मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयहरु स्थापना गरी कार्य गरेको तथा कर्मचारी र सुरक्षाको खटनपटन गरिएको ।
- निर्वाचन सम्बन्धी दैनिक गतिविधीको बारेमा मन्त्रालयमा जाहेरी गर्ने गरिएको ।
- निर्वाचन सुरक्षा समितिको बैठक बसी निर्वाचन सुरक्षा व्यवस्थापन सम्बन्धमा निर्णय गरी कार्यान्वयन गरिएको

...कीय अधिकृत

- स्थानीय तह निर्वाचन, २०७९ को सुरक्षा सन्दर्भमा सुरक्षा निकाय लगायत अन्य सरोकारवाला निकायबाट सूचना संकलन, विश्लेषण, समन्वय र सहकार्य गरी निर्वाचनलाई मर्यादित र व्यवस्थित गरिएको ।
- सुरक्षा समितिका पदाधिकारीहरुबाट जिल्लाका संवेदनसिल मतदान केन्द्रको निरीक्षण तथा अनुगमन गरिएको साथै मतदानको दिन मतदान केन्द्रको निरीक्षण गरी निर्वाचनमा खटिएका कर्मचारीहरुलाई सुझाव तथा निर्देशन दिइएको ।
- निर्वाचनका सन्दर्भमा तालुक निकायबाट प्राप्त परिपत्रको कार्यान्वयन गरिएको ।
- स्थानीय तह निर्वाचन, २०७९ बैशाख ३० गते शान्तिपूर्ण रुपमा सम्पन्न गर्न सफल भएको ।
- सुरक्षा समितिको नियमित तथा आवश्यकता अनुसार गरी १२ वटा बैठकहरु सम्पन्न भएका छन् ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय प्युठान

**ग) विपद् व्यवस्थापन सम्बन्धी कार्यहरुः-**

- जिल्ला विपद् व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बसी विभिन्न निर्णयहरु हुने गरेको र उक्त निर्णयहरु कार्यान्वयनका लागि सरोकारवाला सबैसँग समन्वय र सहजीकरण गरिएको ।
- जिल्लामा आगलागिका तथा विपद्का घटनाबाट क्षती भएका व्यक्तिहरु (परिवार) लाई आवश्यकता अनुसार तत्काल राहत उपलब्ध गराउने गरिएको ।
- विपद् प्रभावित व्यक्तिहरुलाई प्रदेश सरकारबाट प्राप्त राहत वितरण गरिनुका साथै विपद् प्रभावितलाई प्रदेश सरकारबाट राहत उपलब्ध गराउन प्रदेश मन्त्रालयमा सिफारिस गर्ने गरिएको ।
- प्यूठान नगरपालिका वडा नं-.४ विपद्जन्य खेल मैदानमा ,विजुवार ,घटनाहरु आगलागि तथा बाढी पहिरोको जन्य घटना घटी हाले त्यसबाट व्यक्तिगत तथा सामुहिक रुपमा जोगिन अपनाउनुपर्ने विभिन्न विधीका सम्बन्धमा कृत्रिम घटना अभ्यास तथा तालिम कार्यक्रम गरी सफलतापूर्वक सम्पन्न गरिएको ।
- २०७९ अषाढ २१ गते अविरल बर्षा सँगै परेको चट्याकका करण ऐरावती गा.पा.-वडा, ६ बीजुलीकोटमा २ जना नाबलकको मृत्यु हुनुका साथै ९ जना घाइते भएको ।
- जिल्ला विपद् व्यवस्थापन समितिको आवश्यकता अनुसार २ वटा बैठकहरु बसी निर्णयहरु गरिएको ।समितिको बैठकबाट विपद् व्यवस्थापनका लागि मनसुन अपालकालिन कार्ययोजना अद्यावधिक र विपद् जोखिम नक्सांन सहित जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९ तयार गरि स्वीकृत गरिएको ।

**घ) सुशासन सम्बन्धी कार्यहरुः-**

- जिल्लामा विकास निर्माणका कार्यहरु गर्ने कार्यालयहरु तथा स्थानीय तहसँगको समन्वय गरी विकास निर्माणका कार्यहरुलाई सुचारु रुपले समयमै सम्पन्न गर्न विकास निर्माणसँग सम्बन्धीत सरोकारवाला निकायहरुवीचको समन्वय बैठक गरिएको ।
- कार्यालयका कर्मचारीहरुको नियमित स्टाफ बैठक बसी सेवा प्रवाहलाई छिटो, छरितो, सरल, सहज, प्रभावकारी, नागरिकमैत्री बनाउने लगायतका निर्णयहरु गरी सोको कार्यान्वयन गर्ने गरिएको ।
- जिल्लास्थित सरकारी कार्यालयका कार्यालय प्रमुखहरुको नियमित बैठक बसी आइपरेका समस्याहरुको बारेमा छलफल तथा सहजिकरण गरिएको ।
- समन्वयात्मक बैठक बसी भएका निर्णयहरु सम्बन्धित सरोकारवाला सबैले कार्यान्वयन गर्ने गरिएको ।
- सरकारी कार्यालयको सवारी साधन सार्वजनिक विदा र जिल्ला वाहिर लैजादा दुरुपयोग हुने सम्भावनालाई मध्यनजर गरी सवारी पासका आधारमा सञ्चालन गर्ने व्यवस्था मिलाइएको ।
- संघ,प्रदेश र स्थानीय तहका सरकारी कार्यालयहरुले पुँजीगत खर्च बढ्ने गरी आयोजना तथा कार्यक्रमहरु प्राथमिकताका साथ प्रभावकारी ढंगले समयमनै सम्पन्न हुने गरी सञ्चालन गर्ने व्यवस्था गरिएको ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय,
प्युठान

- सबै तहका सरकारका कार्यालयहरुको निरीक्षण गरी सुशासन र पारदर्शिता कायम गर्ने कार्यालाई उच्च प्राथमिकता दिइएको ।
- सूचना अधिकारीको त्रैमासिम बैठक सम्पन्न गरिएको ।
- जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृतको नेतृत्वमा मिति २०७९/०३/१९ देखि २२ गते खंलगा, बिजुवार र जुम्री क्षेत्र र बैशाख महिनामा बरौला, ठूलाबेशी, बाहाने, भिंगृ र मच्छी बजारक्षेत्रको घरेलु तथा साना उद्योग कार्यालय, उद्योग बाणिज्य संघका, सञ्चारकर्मी र सुरक्षा निकायका प्रतिनिधिको उपस्थितिमा संयुक्त बजार अनुगमन गरी म्याद गुज्रिएका सामानहरु जफत गरि नष्ट गरिएको, मूल्य सूचि राख्न, व्यवासय दर्ता गरि सञ्चालन गर्न निर्देशन दिइएको ।
- बढुवा समितिको सचिवालयको रुपमा बढुवा सम्बन्धि कार्य गरि नेपाल न्याय सेवातर्फ १ जना उम्मेदवारलाई बढुवा गरि नियुक्तिका लागि प्युठान जिल्ला अदालतमा सिफारिस गरिएको ।
- निजामति कर्मचारीको बढुवा समितिको सचिवालयको रुपमा कार्य गरि नेपाल प्रशासन सेवा तर्फ २(दूई) जना र नेपाल विविध सेवा तर्फ १(एक) जना कर्मचारीलाई बढुवा सिफारिसको निर्णय गरि सूचना प्रकाशन गरिएको ।
- २०७९ बैशाख ६ गतेदेखि शुरु हुने कृषि गणना सम्बन्धी कार्यलाई सहयोग तथा समन्वय गर्न जिल्ला स्थित सबै स्थानीय तहहरुलाई अनुरोध गरिएको ।
- मिति २०७९ वैशाख ३० गते हुने स्थानिय निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गर्न विभिन्न समन्वयात्मक बैठकहरु सम्पन्न गरिएको ।
- जिल्ला स्थित विभिन्न पक्षहरु (राजनीतिक दल, पत्रकार, गैर सरकारी महासंघ, पेट्रोलियम व्यवसायी संघ) सँग समन्वय बैठक बसी सरोकारका विषयमा छलफल गरिएको।
- गृह मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय तथा अन्य तालुक निकायहरुबाट प्राप्त निर्देशन र परिपत्र आदीको कार्यान्वयन गर्ने गरिएको ।
- जिल्ला प्रशासन कार्यालय र जिल्ला समन्वय समितिको संयुक्त आयोजनामा लैङ्गिक हिंसा सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको ।
- मिति २०७९/०३/०१ गते जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृतको नेतृत्वमा जिल्लामा रहेका १८ वटा सार्वजनिक निकायहरुको अनुगमन तथा निरीक्षण गरि तोकीएको पोशाक नलगाएको, कार्यालयमा विना जानकरी उपस्थित नभएका, हाजिरी रजिष्टर खाली राखेका कर्मचारीहरुलाई स्पष्टिकरण सोधीएको ।
- सरुमारानी गा.पा.बाट निर्माण हुन लागेको १५ शैयाको अस्पताल निर्माणमा लागि जग्गा प्राप्ति सम्बन्धी कार्य गरिएको ।
- मालपोत कार्यालय प्यूठान र मालपोत कार्यालय जस्पुरको आ.व. २०७९/०८० को लागि जग्गाको मुल्यांक र मूल्य सम्बन्धमा बैठक बसी निर्णय गरिएको ।
- आ.व. २०७९/०८० को लागि प्यूठान जिल्लाको का मिति २०७९/०३/३१ गते जिल्ला दररेट समितिको बैठक बसी निर्णय गरिएको ।
- स्टाप मिटिङ्ग बसी सेवा प्रवाहलाई सरल चुस्तदुरुस्त बनाउने सम्बन्धमा निर्णय गरि कार्यान्वयन गरिएको ।
- जिल्लास्तरीय अनुगमन समितिको बैठक बसी जिल्लास्थित सरकारी कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई थप व्यवस्थित वनाउन निर्देश भएको ।
- वेमौसी बर्षाका कारण धानबालीमा क्षति पुगेका सरुमारानी, ऐरावती र गौमुखी गाउँपालिकाका कृषकहरुलाई गृह मन्त्रालयबाट प्राप्त भएको जम्मा रकम रु. ८,००,००० । राहत स्वरुप प्रदान गर्न सहजीकरण गरिएको ।
- गृह मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय तथा अन्य तालुक निकायहरुबाट प्राप्त निर्देशन र परिपत्र आदिको कार्यान्वयन गर्ने गरिएको ।

### च) अन्य कार्यहरु

- प्रमुख जिल्ला अधिकारीबाट विपद्को उच्च जोखिम भएका क्षेत्रको अनुगम तथा निरीक्षण गरिएको ।

- प्यूठान जिल्लामा सडक किनारमा यत्रतत्र रहेका निर्माण सामाग्रीहरु व्यवस्थापन सम्बन्धमा सर्वदलिय बैठक बसी व्यवस्थापनक लागि पहल गरिएको ।
- प्रमुख जिल्ला अधिकारीज्यूको विशेष पहलमा लुम्बिनी प्रदेश पर्यटन कार्यालयको आर्थिक व्यवस्थापनमा जिल्ला प्रशासन कार्यालयका कर्मचारीहरु बस्ने आवास क्षेत्रको जग्गा व्यवस्थापनका लागि मेसीनरीवालद्धारा घेरावार गरिएको साथै जिल्ला हुलाक कार्यालयदेखि डिभिजन वन कार्यालय जाने बाटो स्तरन्नोति गरि RCC slab लगाइएको ।
- प्रमुख जिल्ला अधिकारीको विशेष पहलमा कार्यालय परिसरमा सेवाग्राही बस्नका लागि प्यूठान नगरपालिकाको आर्थिक सहयोगमा ५ वटा फलामको आराम वेन्च वनाइएको साथै कार्यालयको परिसरको बरान्डामा मार्वल राखिएको ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्यूठान

प्रशासकीय अधिकृत